# नेपाल राष्ट्र बैंक
# विराटनगर कार्यालय

## सामान लिलामको सिलबन्दी बोलपत्र आव्हानको सूचना
**(प्रथम पटक प्रकाशित मिति : २०८२/०५/२४)**

यस कार्यालयका देहाय बमोजिमका पुराना पुंजीगत सम्पत्ति, फुटकर फर्निचर तथा फुटकर सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र फाराम खरिद गरी १६औं दिनको १:०० बजेभित्र (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) सिलबन्दी बोलपत्र देहायको शर्तहरुको अधिनमा रही पेश गर्न आव्हान गरिएको छ।

| लिलाम हुने सामान | न्यूनतम मूल्य (रु.) |
|---|---|
| **पुंजीगत सम्पत्ति, फुटकर फर्निचर तथा फुटकर सामानहरुः** | |
| *(क) पुंजीगत सम्पत्ति* | रु.११,१००।- |
| *(ख) फुटकर फर्निचर तथा फुटकर सामानहरु* | रु.८१,५२५।- |
| ***कुल न्युनतम मूल्य*** | **रु.९२,६२५।-** |
| **अक्षरेपिः रु. बयानव्वे हजार छ सय पच्चीस मात्र।** | |

१. सिलबन्दी बोलपत्र मिति २०८२/०६/०८ गते दिनको २:०० बजे (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) यस कार्यालयमा खोलिनेछ।

२. बोलपत्रसाथ कबोल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुनआउने रकम बराबर यस कार्यालयको सण्ड्री क्रेडिटर्स (धरौटी) हिसाव (१५०९९९९.०११.००३.५२४) मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ।

३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिनभित्र सम्झौता गर्नुपर्नेछ। अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ।

४. बोलपत्र फाराम प्रति फाराम रु.५००।- (अक्षरेपि पाँच सय मात्र) (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट लिन सकिनेछ।

५. लिलाम हुने सम्पूर्ण सामानहरुको विवरण तथा सोको न्यूनतम मूल्य यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ। लिलाम हुने सामानहरु हेर्न र बुझ्न चाहेमा यस कार्यालयको आन्तरिक प्रशासन फाँटमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

६. लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरेको), स्थायी लेखा नम्वर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

७. यो सूचना नेपाल राष्ट्र बैंकको वेबसाइट http://www.nrb.org.np मा पनि हेर्न सकिनेछ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरेबमोजिम हुनेछ।

**निर्देशक**